# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ६

## पवित्र आत्माले भरपूर जीवन कस्तो छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ।''** **एफेसी ५:१८**

हामीले अघिका पाठहरूमा बाइबलको अध्ययन र प्रार्थनाको जीवनको महत्वपूर्ण विषय हेरेका थियौं। केवल परमेश्वरको वचन पढ़ेर र लगातार प्रार्थना गरेर हामी आत्मिक तवरले बलिया हुन्छौं भन्ने कुरामा हामीले ध्यान दिएका थियौं। आज हामी कसरी पवित्र आत्माले भरपूर हुन्छौं, सो परमेश्वरको वचनबाट सिक्नेछौं। हाम्रो हृदय एउटा भाड़ोजस्तो छ, जसलाई हामीले पापको मैलाले भर्न सक्छौं या पवित्र आत्माले भर्न सक्छौं। यसैले परमेश्वरको इच्छा र आज्ञा हाम्रो निम्ति यही हो – 'आत्माले भरपूर होऊ।' मात्तिएको मान्छे रक्सीले भरिएको हुन्छ र सबैले त्यो कुरा त्यसको बोली, हिँड़ाइ र व्यवहारबाट स्पष्ट थाह पाउँछन् भने के पवित्र आत्माको नियन्त्रणमा रहने मानिसलाई हामी चिन्न सक्दैनौं? के आत्माको भरपूरी जीवनका लक्षणहरू हामी जान्दैनौं? हामीले यो कुरा जान्नुपर्छ र आफ्नो जीवनमा अनुभव गर्नुपर्छ।

## क – तीन किसिमका मानिसहरू

**''तर प्राणिक मानिसले परमेश्वरको आत्माका कुराहरू ग्रहण गर्दैन; किनकि ती त्यसको निम्ति मूर्खता हुन्; न ता त्यसले ती जान्न सक्छ, किनकि ती आत्मिक रीतिले जाँचिएका हुन्छन्। तर आत्मिक मानिसले सबै कुराहरू जाँच्छ, तर पनि ऊचाहिँ कोही मानिसद्वारा जाँचिँदैन।''**

**१ कोरिन्थी २:१४–१५**

**''अनि हे भाइहरूहो, आत्मिक मानिसहरूसँग बोलेझैं मैले तिमीहरूसँग बोल्न सकिनँ, तर शारीरिक हुनेहरूसँग अर्थात् ख्रीष्टमा दूधे बालकहरूसँग झैं गरी बोलें। मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो खानेकुरा होइन; किनकि त्यस समयसम्म तिमीहरूले यसलाई खान सकेनौ, न ता अहिले नै सक्छौ। किनकि तिमीहरू अझ पनि शारीरिक छौ; किनभने जब तिमीहरूको बीचमा डाहा, झगड़ा र फूट छन्, तब के तिमीहरू शारीरिक होइनौ र? के मानिसको चालमा हिंड्दैनौ र?''** **१ कोरिन्थी ३:१–३**

माथि उल्लेख गरिएका वचनहरूअनुसार हामी मानिसहरूलाई आत्मिक दृष्टिले हेर्छौं भने तीन किसिमका मानिसहरू पाउँछौं – प्राणिक, शारीरिक र आत्मिक मानिस। यी तीन किसिमका मानिसहरूलाई हामी एक एक गरी विचार गरौं र राम्ररी चिनौं।

### अ) प्राणिक मानिस – १ कोरिन्थी २:१४

जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तब उहाँले उसलाई आफ्नो स्वरूपमा बनाउनुभयो। मानिसमा आत्मा, प्राण र शरीर छन्। यसरी नै मानिस जीवित प्राणी थियो। तर जब मानिसले परमेश्वरको विरोधमा पाप गर्‍यो, तब मानिस मर्‍यो। हुन त शरीरमा ऊ मरेन, तर ऊ आत्मामा मर्‍यो। त्यस समयदेखि मानिस आत्मिक दृष्टिले मरेको अवस्थामा जन्मिन्छ, अर्थात् प्राणिक अवस्थामा जन्मिन्छ। हरेक मानिसको स्वभाव वा प्राकृतिक गुण यस्तै छ। यही अवस्थामा मानिसले आफ्नो मनको इच्छा र आफ्नो विचारअनुसार हिँड्छ, तर परमेश्वरको आत्माका कुराहरू बुझ्दैन र ग्रहण गर्दैन। किनभने ऊ आफ्ना पाप र अधर्ममा मरेको छ। ऊसँग परमेश्वरको पवित्र आत्मा हुनुहुन्न। (रोमी ८:९)

### आ) शारीरिक मानिस – १ कोरिन्थी ३:१–३

जब कुनै मानिस प्रभु येशूमाथि विश्वास गरे पनि आत्मिक रूपले बढ्दैन, तब यस्तो मानिसलाई शारीरिक भनिन्छ। विश्वासमा ऊ दूधे बालक हो। शारीरिक मानिस र प्राणिक मानिसमा धेरै भिन्नता देखिँदैन, किनभने शारीरिक मानिस पनि आफ्नो शरीरका अभिलाषाहरूअनुसार हिँड्छ। अरू मानिसहरूले जस्तो ऊ डाहा, झगड़ा र विरोध गर्छ। आत्मिक कुराहरू बुझ्नलाई ऊ कमजोर छ। उसलाई दूधजस्तो सरल शिक्षा मात्र दिन सकिन्छ, खँदिलो अर्थात् आत्मिक खानेकुरा दिन सकिँदैन। भर्खर विश्वास गरेको बेलामा हामी यस्तै थियौं भने त्यो हुन सक्छ। तर कसैको अवस्था सधैं यस्तो रहिरहन्छ भने ऊ सिकिस्त बिरामी छ। यस्तो मानिस विश्वासमा छ कि छैन? उसले आफूलाई जाँचोस् र यसको प्रमाण दिओस्। (२ कोरिन्थी १३:५)

### इ) आत्मिक मानिस – १ कोरिन्थी २:१२–१३, १५–१६

प्रभु येशूमाथि विश्वास गर्ने हरेकले मुक्ति पाउँछ। पापहरूको क्षमाको साथै परमेश्वरले उसलाई पवित्र आत्माको दान दिनुहुन्छ। त्यही पवित्र आत्माद्वारा हामीले आत्मिक कुराहरू बुझ्न सक्छौं; किनभने उहाँले हामीलाई सारा सत्यताभित्र डोर्‍याउँदै लानुहुन्छ। उहाँले नम्रहरूलाई प्रभु येशूको मार्ग सिकाउनुहुन्छ; यसरी नै हामी परमेश्वरका गहिरा कुराहरू, प्रभुको मनसाय जान्न सक्छौं। यस्तो मानिस आज्ञाकारी भएर पवित्र आत्माको अगुवाइमा हिँड्छ र सबै कुराहरूमा असल र खराब छुट्ट्याउँछ। आत्मिक मानिस यस्तो हुन्छ र पवित्र आत्माको फल उसको जीवनबाट प्रकट हुन्छ। यस्तो मानिसले घरिघरि पवित्र आत्माको भरपूरी अनुभव गर्छ। सबै विश्वासीहरू आत्मिक हुन् भनी परमेश्वरको इच्छा छ। (हिब्रू ५:१३–१४)

## ख – शरीर र आत्माको बीचमा लड़ाइँ

(तल दिइएका मुख्य पदहरू कण्ठस्थ गर्नुहोस्।)

**''तर म यो भन्दछु: आत्मामा हिँड़, र तिमीहरूले शरीरको अभिलाषा कुनै रीतिले पूरा गर्नुपर्दैन। किनकि शरीरले आत्माको विरोधमा अभिलाषा गर्छ, र आत्माले शरीरको विरोधमा; अनि तिमीहरू जे इच्छा गर्छौ, ती कुराहरू गर्न नसक भनेर यिनीहरू एक अर्काको विरोधमा छन्। तर तिमीहरू आत्माद्वारा डोर्‍याइएका हुन्छौ भने तिमीहरू धर्मनियमको अधीनतामा छैनौ।'' गलाती ५:१६–१८**

शरीर र आत्माको बीचमा कुनै मेल छैन, मेल हुन पनि सक्दैन। यिनीहरूको बीचमा कहीं शान्तिक्षेत्र पनि छैन, जहाँ हामी दुवै शक्तिहरूबाट स्वतन्त्र भएर न शरीरको इच्छा न आत्माको इच्छा, तर आफ्नो इच्छा पूरा गर्न पाउँछौं। कि त हामी शरीरको अभिलाषा पूरा गर्नुपर्छ, कि त हामी पवित्र आत्माको अगुवाइ र नियन्त्रणमा एक आज्ञाकारी जीवन जिउँछौं। शरीरसित हार्नुहुँदैन, तर हामीले पवित्र आत्माको भरमा हिँड्न सिक्नुपर्छ।

## ग – इसहाकको जीवनबाट केही शिक्षा – उत्पत्ति २६:१-२५

**१- उत्पत्ति २६:१ – देशमा अनिकाल**

कनान देशमा अनिकाल परेको थियो। अनिकालको मतलब के हो भने पापको कारणले त्यस देशका मानिसहरूले परमेश्वरको आशिष गुमाए। शरीरका अभिलाषाअनुसार जिउने मानिसको चित्रण यही हो, किनभने यस्तो अवस्थामा जिउने मानिसले परमेश्वरका आत्मिक आशिषहरू गुमाउनैपर्छ।

**२- उत्पत्ति २६:२-५ – इसहाकले परमेश्वरबाट अगुवाइ पाए**

इसहाक आत्मिक मानिसको चित्रण हो, किनभने उनले परमेश्वरको अगुवाइ पाए। परमेश्वर उनको साथमा हुनुहुन्थ्यो, र उनलाई आशिष दिनुहुन्थ्यो। परमेश्वरको वचनमा ध्यान दिने र उहाँका आज्ञाहरू पालन गर्ने मानिस यस्तै हुन्छ। उसले आफ्नो जीवनमा परमेश्वरको पवित्र उपस्थिति थाह गर्छ र प्रशस्त आत्मिक आशिषहरू पाउँछ।

**३- उत्पत्ति २६:६-११ – इसहाकको कमजोरीपन**

इसहाक परमेश्वरसित हिँड्ने मानिस भए पनि उनी कति कुरामा कमजोर थिए। यहाँ उनी मानिसहरूदेखि डराएर आफ्नी पत्नीबारे झूट बोल्न पुगे। यसबाट हामी के बुझ्न सक्छौं भने आत्मिक मानिस सिद्ध छैन, साथै आम्तिक मानिसले आफ्नो कमजोरीमा परमेश्वरको अनुग्रह अनुभव गर्छ।

**४- उत्पत्ति २६:१२-१३ – परमेश्वरको आशिष**

परमेश्वरको आशिष कत्रो छ? उहाँ सय गुणा दिनुहुन्छ। यो कुरा इसहाकको जीवनमा मात्र सत्य हुँदैन, तर आज पनि परमेश्वरले त्यही नापअनुसार सय गुणा आशिष दिनुहुन्छ। परमेश्वर कति दयालु हुनुहुन्छ, आएर चाख्नुहोस् र आफ्नो जीवनमा अनुभव गरेर थाह गर्नुहोस्।

**५- उत्पत्ति २६:१४-१६ – पलिस्तीहरूले डाहा गरेर इसहाकलाई विरोध गरे**

शरीर र आत्माको बीचमा सधैं विरोध नै भइरहन्छ। इसहाक बढ़ेर आशिषले भरपूर थिए। शत्रुहरूले डाहा गरे र सबै इनारहरू ढुङ्गामाटाले पुरे। यसरी नै तिनीहरूले आशिष आउने स्रोत बिगारे। आत्मिक दृष्टिमा यो कुरा पनि लागू हुन्छ। हाम्रा शत्रुहरू शरीरका अभिलाषाहरू हुन्। ती अभिलाषाहरू पवित्र आत्माको विरोधमा छन्। तिनीहरूले आत्मिक स्रोतबाट आशिष नआउनलाई बाधा दिन्छन् र पूरा रोक्छन्।

**६- उत्पत्ति २६:१७-२२ – इसहाकले इनारहरू फेरि खन्न लाए**

इसहाकले इनारहरू फेरि खन्न लाए। पानीको स्रोत भेट्टाएपछि शत्रुहरूले झगड़ा गरे; अर्को इनार खन्दा-खेरि तिनीहरूले फेरि झगड़ा गरे। शत्रुहरूले विरोध गर्न छोड़ेनन्। जबसम्म इसहाकले स्वतन्त्रतासाथ खनेको इनारबाट पानी चलाउन पाएनन्, तबसम्म उनले इनार खन्ने काम छोड़ेनन्। अन्तमा उनको विजय भयो र आशिषले भरिपूर्ण जीवन पाए। यस कुरामा हाम्रो निम्ति ठूलो शिक्षा छ। के हामी

पनि विजय नपाएसम्म संघर्ष गर्छौं? अथवा के हामीले आत्मिक लड़ाइँमा पापका अभिलाषाहरूसित हार खाइसक्यौं? हामीले आशिषको स्रोत भेट्टाउनैपर्छ। स्रोतमा पापको मैला आउन दिनुहुँदैन। मैला पसेमा तुरुन्तै यसलाई सफा गर्नुपर्छ। यसकारण पापको अभिलाषा पूरा गरेर हामी परमेश्वरको विरोधमा पाप नगरौं र पवित्र आत्मालाई दु:खित नपारौं। बरु आत्मिक आशिष दिने स्रोतलाई जानीकन हामीले आफ्नो हृदयमा कुनै पापको अभिलाषा आउन नदिऔं, तर आफ्नो जीवन शुद्ध राखेर प्रभुका कुराहरूतिर मन लगाऔं।

**७- उत्पत्ति २६:२३-२५ - इसहाकले परमेश्वरको अगुवाइमा आशिष पाए**

पानी पाएदेखि मेरो फलिफाप हुन्छ भन्ने कुरा इसहाकलाई निश्‍चिय थाह थियो। तर जब 'म तिम्रो साथमा छु, म तिमीलाई आशिष दिनेछु' भन्ने परमेश्वरको वचन फेरि उनीकहाँ आयो, तब उनी विश्वासमा झन् दृढ़ भए। यस प्रकारले हामीले पनि समय समयमा परमेश्वरको आत्माबाट व्यक्तिगत अगुवाइ पाउनुपर्छ। इसहाकले परमेश्वरको भक्ति गरे र आशिष आउने स्रोत शुद्ध राख्नलाई परिश्रम गरिरहे। यसरी नै हामी पनि परमेश्वरको आत्माको भरपूरी घरिघरि अनुभव गर्न सक्छौं।

## घ - यस सम्बन्धमा याद गर्नुपर्ने केही बुँदाहरू

**अ) गलाती ५:२५ - पहिले हामी आत्मामा जिउनुपर्छ, नत्र आत्मामा हिँड्न सक्दैनौं**

जससँग परमेश्वरको पवित्र आत्मा हुनुहुन्न, त्यो मानिस आत्मिक दृष्टिले अझ मरेको छ। यसैले पवित्र आत्माको भरपूरी वा अगुवाइ उसले पाउँदैन। ऊसँग मुक्तिको निश्चयता पनि छैन। ऊ आफूभित्र जति खोजे पनि आशिषको स्रोत भेट्टाउन सक्दैन, किनभने पवित्र आत्मा उसलाई दिइएकै छैन।

**आ) यूहन्ना ७:३७-३९ - पवित्र आत्मा पाउनलाई हामीले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ**

पवित्र आत्मा दिने प्रतिज्ञा प्रभु येशूले मात्र गर्नुभएको छ। प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाएको व्यक्तिले मात्र पवित्र आत्मालाई दानको रूपमा पाउँछ। यसकारण यो अमूल्य दानको तिर्सना गर्ने मानिसले विश्वाससाथ उहाँकहाँ गएर यो दान लिनुपर्छ। परमेश्वरको वचन बाइबलले भनेअनुसार प्रभु येशूमाथि विश्वास गर्ने हरेकले पवित्र आत्मालाई पाएको हुन्छ। पवित्र आत्माले हामीभित्र रहेर हामीलाई मुक्तिको निश्चयता दिनुहुन्छ। उहाँले हामीलाई सारा सत्यताभित्र अगुवाइ गर्नुहुन्छ। यही पवित्र आत्माद्वारा हामीले परमेश्वरलाई बुवा भन्दै पुकार गर्छौं। पवित्र आत्मा हामीभित्र आशिषको स्रोत हुनुहुन्छ। यसैले हामीले पोखिने गरी आत्मिक आशिषहरू पाउँछौं। के तपाईंको अनुभव पनि यही हो?

**इ) यूहन्ना ४:१३-१४ - पवित्र आत्मा सधैं हामीसँग रहनुहुन्छ**

पवित्र आत्मा हाम्रो जीवनमा आउनुभएपछि उहाँले हामीलाई मनमा शान्ति र आनन्द दिनुहुन्छ। अब उसो हाम्रा सबै आत्मिक खाँचोहरू उहाँले नै पूरा गर्नुहुन्छ। पवित्र आत्मा अनन्त जीवनसम्म उम्रिरहने पानीको मूल हुनुहुन्छ। यही कारणले हामीले तपाईलाई इसहाकको जीवनको उदहारण दियौं कि पवित्र आत्मा हामीभित्र आत्मिक आशिषहरू दिने स्रोत हुनुहुन्छ भन्ने कुरा तपाईं जान्नुहोस्।

**ई) एफेसी ४:३० - हामीले पवित्र आत्मालाई दु:खित तुल्याउन सक्छौं**

परमेश्वरको आत्मालाई पवित्र आत्मा र सत्यको आत्मा भनिन्छ। उहाँले हामीलाई जे सिकाउनुहुन्छ, यी सबै कुरा सत्य छन्। उहाँ परमेश्वरको वचन बाइबलको कुनै कुराको विपरीत हामीलाई शिक्षा कहिल्यै दिनुहुन्न, किनभने उहाँद्वारा नै परमेश्वरको वचनको प्रेरणा दिइयो। यसैले हामीले परमेश्वरको सिद्ध इच्छा जान्नु र एउटा असल विवेक कायम राख्नैपर्छ, नत्र ता पवित्र आत्मालाई तुरुन्तै दु:खित

पारिन्छ। कुनै पापमा फस्नेबित्तिकै हामीले आफ्नो भूल मानिलिनुपर्छ। शुद्ध हृदयले मात्र हामीले पवित्र आत्माको भरपूरी अनुभव गर्न सक्छौं। यसैमा हाम्रो जिम्मेवारी छ। हामीले आशिष दिने स्रोतमा कुनै मैला, कुनै कलङ्क आउन दिनुहुँदैन। सत्य आत्माको नदीबाट पानी उम्रनुपर्छ। यसमा कुनै बाधा आउन दिनुहुँदैन। के आफ्नो जीवनमा तपाईंले यस कुरामा ध्यान दिनुभएको छ?

**उ) १ थेस्सलोनिकी ५:१९ – हामीले पवित्र आत्मालाई निभाउन सक्छौं**

कतिले यस पदबाट हामीले पवित्र आत्मालाई गुमाउन वा हराउन सक्छौं भन्ने कुरा सिकाउँछन्। यस्तो कुरामा हामी कहिल्यै सहमत दिँदैनौं। पवित्र आत्मा सधैंभरि हाम्रो साथमा रहनुहुन्छ। मुक्ति पाएको दिनदेखि उहाँले हामीमा छाप लगाउनुभएको छ। त्यो छाप कसैले बिगार्न सक्दैन, किनभने परमेश्वरले आफ्नो अधिकारको छाप लगाउनुभएकै छ। यस कुराको गवाही एफेसी १:१३–१४ र ४:३० पदले दिन्छ। तर पवित्र आत्मालाई हामी आगोजस्तै निभाउन सक्छौं। यसको अर्थ यही हो कि पवित्र आत्माबाट हामीले कुनै प्रभाव चाल पाउँदैनौं। उहाँ अब हाम्रो जीवनमा कुनै कार्य गर्नुहुन्न र उहाँ हामीमा हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा हामीलाई थाह पनि हुँदैन। यो हाम्रो निम्ति अति सिकिस्त अवस्था हो। यस बेला हामी तुरुन्तै प्रभुको चरणमा पर्नुपर्छ। याकूब ४:४–१० अनुसार प्रभुको सामु हामीले आफूलाई नम्र तुल्याउनुपर्छ। तब उहाँले हामीलाई फेरि उठाउनुहुनेछ। यस कुरामा हामीलाई एकदम होशियार हुनु खाँचो छ, नत्र ता हामीले आफ्नो आत्मिक जीवनमा ठूलो हानि उठाउनुपर्नेछ।

## ङ – आत्माको भरपूर अनुभव गरेका प्रभुका भक्तहरू

**अ) लूका १:४१–४२ – इलीशिबा**

मरियम इलीशिबासँग भेट हुनसाथ इलीशिबा पवित्र आत्माले भरिइन्। त्यत्तिखेर तिनी यसको कुनै तयारी गरेकी हामी देख्दैनौं। तर तपाईं लूका १:५–७ पढ्नुभयो भने तिनको जीवनको तयारी देख्नुहुन्छ। तिनी परमेश्वरको दृष्टिमा धर्मी थिइन् र प्रभुका सबै आज्ञा र विधिहरूमा निर्दोष भई हिँड्थे। यो हो हाम्रो साँचो तयारीपन।

**आ) लूका १:६७ – जकरिया**

इलीशिबाको पतिको नाम जकरिया थियो। उनी पनि पवित्र आत्माले भरिए र भविष्यवाणी गरे भन्ने कुरा हामीले वचनबाट थाह गर्छौं। पवित्र आत्माले भरिएको मानिस कहिल्यै चुप लागेको हामी पाउँदैनौं, तर पवित्र आत्माको भरपूरीमा मानिसहरूले सधैं परमेश्वरको महिमा गर्दै साहससित उहाँको वचन बोल्छन्।

**इ) लूका २:२५–३५ – शिमियोन**

शिमियोन पनि धर्मी र भक्त मानिस थिए। उनी परमेश्वरको प्रतिज्ञाको आशा राख्थे। उनीमाथि पवित्र आत्मा रहनुहुन्थ्यो। उनी त्यही पवित्र आत्माद्वारा आत्मिक ज्ञान र व्यक्तिगत अगुवाइ पाउँथे। उनी परमेश्वरको प्रशंसा गर्ने र परमेश्वरको वचन साहससित बोल्ने मानिस थिए।

**ई) प्रेरित २:४ र ११ – प्रभु येशूका प्रेरित र चेलाहरू**

पेन्टेकोष्टको दिनमा प्रभु येशूका सबै चेलाहरू पवित्र आत्माले भरिए। यो अचम्मको घटनाको बयान बाइबलले हामीलाई सफासँग दिन्छ। त्यो दिन विशेष दिन थियो, किनभने प्रभु येशूले आफ्नो जनहरूमा पवित्र आत्मा खन्याउनुभयो। तर अहिले प्रचण्ड बतास, चिरा परेको आगाका जिब्राहरू र अरू

भाषाहरूमा बोलेको कुरा होइन, तर पवित्र आत्माले उनीहरूलाई परमेश्वरका महान् कार्यहरूको बयान गर्न लगाउनुभएकै कुरा हाम्रो निम्ति मुख्य हो। स्वभाविक दृष्टिकोणले प्रभुका चेलाहरू मानिसहरूदेखि डराउने मानिसहरू थिए; तर पवित्र आत्मा पाएपछि उनीहरू प्रभु येशूका साहसी र शक्तिशाली साक्षी बने। कस्तो अचम्मको परिवर्तन! पवित्र आत्माले तपाईंलाई पनि ख्रीष्ट येशूको एउटा बल्दो साक्षी तुल्याउन चाहनुहुन्छ।

**उ) प्रेरित ४:८ र ३१ – पत्रुस**

पेन्टेकोष्टको दिनमा पत्रुस पनि पवित्र आत्माले भरिएकाहरूमध्ये एकजना थिए। पछि उनी फेरि पवित्र आत्माले भरिए। यसरी नै उनले मानिसहरूको सामु विनाडर परमेश्वरको वचन बोल्थे। पवित्र आत्माको भरपूरी एकपल्ट पाइने अनुभव होइन रहेछ, तर घरिघरि हामी पवित्र आत्माले भरिन सक्छौं।

**ऊ) प्रेरित ७:५५, ९:१७, ११:२४, १३:९ र १३:५२ – प्रभुका विभिन्न भक्तहरू**

प्रभु येशूको मण्डलीको इतिहासमा हामी पवित्र आत्माले विभिन्न मानिसहरूद्वारा काम गर्नुभएको कुरा थाह पाउँछौं। जसको जीवन तयार राखिएको छ, ऊचाहिँ परमेश्वरको निम्ति काममा आउने भाँड़ो हुन्छ। यसकारण हामी यस कुरामा ख्याल राखौं र सबै पापका अभिलाषाहरूबाट आफूलाई शुद्ध पारौं, जसरी २ तिमोथी २:२०–२१ मा लेखिएको छः

**''ठूलो घरमा सुन र चाँदीका भाँड़ाहरू मात्र हुँदैनन्, तर काठ र माटोको पनि हुन्छन्। अनि कति आदरको निम्ति र कति अनादरको निम्ति हुन्छन्। यसकारण यदि यीबाट कुनै मानिसले आफूलाई शुद्ध पार्छ भने ऊ एउटा आदरको भाँड़ो बन्नेछ, जो पवित्र पारिएको, मालिकको काममा आउने र हरेक असल कामको निम्ति तयार पारिएको हुन्छ।''**

## च – यस सम्बन्धमा अन्तिम अर्तीहरू

**अ) रोमी ८:५–९ र कलस्सी ३:१–२ अनुसार आत्मिक कुराहरूमा मन लगाउनुपर्छ**

हाम्रो निम्ति परमेश्वरको इच्छा स्पष्ट छ। हामी शरीरअनुसार होइन, तर आत्माअनुसार हिँड्नुपर्छ। शारीरिक मानिस शरीरका कुराहरूमा मन लगाउँछ। किनभने ऊभित्र पवित्र आत्माले वास गर्नुभएको छैन। यसो गर्नाले आत्मिक मृत्यु ल्याउँदछ र नरकमा पुर्‍याउँदछ। आत्मिक मानिसले मात्र आत्मिक कुराहरूमा मन लगाउँछ। आत्मामा मन लगाउनेले अनन्त जीवन र हृदयमा शान्ति पाउँछ। यदि तपाईं आफ्नो जीवनमा घरिघरि शरीरका अभिलाषाहरूलाई ठाउँ दिनुभयो भने योचाहिँ परमेश्वरको विरोध गर्नु हो। तपाईंभित्र पवित्र आत्मा हुनुहुन्छ भने उहाँले तपाईंलाई परमेश्वरको अधीनतामा बस्न सिकाउनुहुन्छ। पवित्र आत्माविना तपाईं परमेश्वरलाई खुशी पार्न सक्नुहुन्न। यही अवस्थामा तपाईं शारीरिक हुनुहुन्छ र उहाँको जन हुनुहुन्न। परमेश्वरका जनहरू पवित्र आत्माको अगुवाइ पाउँछन्, किनभने उनीहरू आत्मिक कुराहरूमा मन लगाउँछन्।

**आ) रोमी ८:१२–१४ र कलस्सी ३:५–१२ – आत्माद्वारा शरीरका कामहरू निर्जिव तुल्याउनुपर्छ**

हामी विश्वासीहरूलाई शरीरअनुसार जिउने कुनै कारण छैन। पवित्र आत्माद्वारा हामीले शरीरका पापकर्महरू मार्नुपर्छ अर्थात् निष्क्रिय पार्नुपर्छ। तब हामी स्वतन्त्रतासाथ जिउन सक्छौं। पापलाई माया गर्नु होइन, पापसित सधैं लड़ाइँ गर्नु पनि होइन, तर पवित्र आत्माको शक्तिले हामीले आफ्नो मनमा पापको अभिलाषा उठ्न खोज्दा त्यसलाई पूर्ण तवरले मेटाउनुपर्छ। मनको परिवर्तनले जीवनको परिवर्तन ल्याउँछ।

## छ – पवित्र आत्माको विषयमा अरू केही शिक्षाहरू

आजभोलि पवित्र आत्माको सम्बन्धमा किसिम–किसिमका शिक्षाहरू फैलिएका हुनाले झूटो शिक्षाबाट जोगिनका निम्ति हामी अझै एक–दुई शब्द लेखेर यस सम्बन्धमा तपाईंलाई होशियार तुल्याउन चाहन्छौं। प्रभु येशूले तपाईंलाई साथ दिऊन् र आफ्नो प्रतिज्ञाअनुसार तपाईंलाई सम्पूर्ण सत्यताभित्र अगुवाइ गरून्; यसो हुनाले तपाईंले परमेश्वरको वचनको खाँटी शिक्षा के रहेछ, सो पक्क गरी जान्न सक्नुहोस्।

**१ – पवित्र आत्माको बप्तिस्मा** **( प्रस्थान ४०:३४, १ राजा ८:१०–११, प्रेरित २:४, १ कोरिन्थी १२:१३ )**

पुरानो नियमको समयमा जसरी परमेश्वरले आफूले वास गर्न लाग्नुभएको पवित्रस्थान वा मन्दिरलाई आफ्नो महिमाले भर्नुभयो, त्यसरी नै उहाँले अहिलेको समयमा आफूले चान्नुभएका मानिसहरूलाई पवित्र आत्माले भरेर यो मेरो वासस्थान हो भन्ने प्रमाण दिनुहुन्छ। हरेक जसले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउँछ, उसको आत्मिक जीवनको अनुभव यही हो। यस पहिलो अनुभवलाई आत्माको बप्तिस्मा भनिन्छ; किनभने परमेश्वरको वचनअनुसार विश्वास गरेका हुनाले उहाँले हामीलाई पवित्र आत्माद्वारा आफ्नो पवित्र मन्दिर बनाउनुहुन्छ र अब उसो हामीमा वास गर्नुहुन्छ। यो पवित्र आत्माको बप्तिस्मा खोज्ने कुनै आज्ञा हामी बाइबलमा पाउँदैनौं; तर परमेश्वरको वचनअनुसार प्रभु येशूमाथि विश्वास गर्ने सबैको पहिलो आत्मिक अनुभव यही हो।

**२ – पवित्र आत्माको वास** **( रोमी ५:५, ८:१४–१६, यूहन्ना १४:२३, यूहन्ना १६:७–११, १६:१२–१५, १ कोरिन्थी ३:१६,६:१९–२०, १ यूहन्ना ५:९–१२ )**

प्रभु येशूमाथि विश्वास गरेको दिनदेखि परमेश्वर आफै पवित्र आत्माद्वारा हामीभित्र वास गर्नुहुन्छ। हामी परमेश्वरको वासस्थान र मन्दिर बन्छौं। विश्वास गर्नुअघि सत्यको आत्माले हामीलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुन्छ भने विश्वास गरेपछि उहाँले हामीभित्र 'हामी परमेश्वरको सन्तान हौं' भन्ने गवाही र मुक्तिको निश्चयता दिनुहुन्छ। उहाँले हामीलाई सारा सत्यताभित्र डोऱ्याउनुहुन्छ। उहाँ पवित्र आत्मा हुनुभएकोले पाप गरेर वा परमेश्वरको इच्छाको विरोध गरेर हामीले उहाँलाई तुरुन्त दुःखित तुल्याउन सक्छौं। यसकारण आफूलाई परमेश्वरको मन्दिर जानीकन हामीले आफ्नो शरीर र आत्मालाई सधैं शुद्ध राख्ने प्रयत्न गर्नुपर्छ।

**३ – पवित्र आत्माको छाप** **( १ कोरिन्थी १:२२, एफेसी १:१२–१३, ४:३० )**

प्रभु येशूमाथि विश्वास गरेको दिनमा परमेश्वरले हामीमा अझै एउटा काम गर्नुहुन्छ। पवित्र आत्माको छाप लगाई उहाँले हामीलाई उहाँको निजी सम्पत्ति तुल्याउनुहुन्छ। उहाँले प्रभु येशूको रगतको दाम तिरेर हामीलाई आफ्नै तुल्याउनुभयो। यो अधिकारको छाप कसैले तोड्न पाउँदैन, किनभने परमेश्वर आफूले यसलाई लगाउनुभयो। यसकारण यो छाप हामीलाई छुटकाराको दिन अर्थात् प्रभु येशूले हामीलाई स्वर्ग लाने दिनसम्म बैनाको रूपमा दिइएको छ।

**४ – पवित्र आत्माको भरपुर** **( एफेसी ५:१८ )**

यस सम्बन्धमा हामीले अघि अध्ययन गरिसक्यौं। आत्माको भरपूर जीवन नै हाम्रो निम्ति परमेश्वरको इच्छा हो। यसैकारण पवित्र आत्माले भरपूर होओ भन्ने आज्ञा उहाँले हामीलाई दिनुभएको छ। यस आज्ञाअनुसार जिउने मानिस धन्यको हुन्छ; किनभने ऊ घरिघरि यसको आशिषपूर्ण अनुभव गर्छ।

**५ – पवित्र आत्माको दान र आत्माका वरदानहरू** (प्रेरित २:३८–३९; १ कोरिन्थी १२, रोमी १२:१–८)

जुन दिन हामीले पापदेखि पश्चात्ताप गर्छौं र प्रभु येशूमाथि हाम्रो पूरा भरोसा राख्छौं, त्यही दिनमा परमेश्वरले हामीलाई मुक्ति र पवित्र आत्माको दान दिनुहुन्छ। पवित्र आत्मा दिएर परमेश्वरले हामीलाई आत्मिक रूपले धनी बनाउनुहुन्छ। आत्मामा जति हामी बढ्छौं, त्यति नै हामीले यो कुरा बुझ्छौं र यसको पूरा लाभ उठाउन पाउँछौं। पवित्र आत्माको दान दिएर परमेश्वरले हामी हरेकलाई आत्मिक वरदान पनि दिनुभयो, जसद्वारा हामीले परमेश्वरको सेवा गर्न सक्छौं। वरदानहरू किसिम–किसिमका हुन्छन्, तर आत्मा एउटै हुनुहुन्छ। उहाँले आफ्नै इच्छाअनुसार हरेकलाई भिन्न–भिन्नै वरदान बाँड़िदिनुहुन्छ। यस सम्बन्धमा हामी पाठ ११मा बढ़ी अध्ययन गर्नेछौं।

**६ – पवित्र आत्माको फल** (गलाती ५:२२–२३)

मात्तिएको मान्छेलाई हामीले त्यसको व्यवहारबाट राम्ररी चिन्न सक्छौं। यसरी नै पवित्र आत्माले भरिएको मानिसको लक्षणहरू पनि स्पष्ट हुन्छन्। सुनतला आफ्नो स्वादबाट चिनिन्छ भने आत्मिक मानिस पनि यस्तै हुन्छ। पवित्र आत्माको फल धेरै हुँदैनन्, तर एउटै मात्र हुन्छ। यस फलको स्वादमा हामीले नौ गुण पाउँछौं, जो यही हुन्: प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता र संयम। जब एउटा मानिसमा तपाईंले यी गुणहरू देख्नुहुन्छ, तब यो व्यक्ति पवित्र आत्माले भरिएको एक आत्मिक मानिस हुन् भनी थाह गर्नुहुन्छ। प्रभु येशूमा हामीले यी सबै गुणहरू पाउँछौं। यसकारण उहाँ नै हाम्रो उदहारण हुनुहुन्छ र हामी उहाँको देखासिकी गर्ने प्रयास गर्छौं।

**७ – पवित्र आत्माको विरोधमा हुने पाप** (मत्ती १२:३१–३२, लूका १२:१०)

मानिसहरूलाई हर किसिमको पाप र ईश्वरनिन्दा क्षमा गरिनेछ, तर पवित्र आत्माको विरोधमा गरेको निन्दाचाहिँ कहिल्यै क्षमा गरिनेछैन भन्ने गम्भीर वचन छ। यसकारण हामी होसियार हुनुपर्छ। जब परमेश्वर स्वयम् पवित्र वचनद्वारा हामीसँग बात गर्नुहुन्छ, तब हामीले आफ्नो हृदय कठोर नपारौं; अविश्वासमा रहेर हामी केही अनुचित वा निन्दाको कुरा नबोलौं। यसमा हामीलाई कुनै लाभ हुँदैन। यसको अर्थ यो होइन कि येशूको नाममा भनेको वा गरेको सबै कुरा नजाँचीकन हामीले ग्रहण गर्नुपर्छ। हामीले सबै कुरा जाँच्नुपर्छ, असलचाहिँ ग्रहण गर्नुपर्छ। तर जब कुरा परमेश्वरको आत्माबाटको हो भनी हामीलाई स्पष्ट गरी थाह लाग्छ, तब यस कुरालाई नम्रतासाथ र परमेश्वरको डर राखेर स्वीकार गर्नुपर्छ। पवित्र आत्माको विरोधमा हामी पाप नगरौं, बरु उहाँलाई हाम्रो जीवनमा पूरा ठाउँ दिऔं। यसो गर्नुमा परमेश्वरले हामीलाई सहायता दिऊन्।

**प्रार्थना:** **''हे पवित्र परमेश्वर पिता, पवित्र आत्माको सम्बन्धमा तपाईंको आशिषपूर्ण र गम्भीर शिक्षा मैले पाएको छु। पवित्र आत्माको भरपूरको जीवन जिउन मलाई सिकाउनुहोस्। एउटा शुद्ध भाँड़ाझैं म मेरो जीवन सधैं तपाईंलाई अर्पण गर्न र आत्मिक कुराहरूमा ध्यान लगाउन सकूँ। पापका सबै अभिलाषाहरूलाई इन्कार गर्ने, तर तपाईंका वचनहरू मनमा राख्ने समझ मलाई दिनुहोस्। म सधैंभरि आशिषको स्त्रोतमा रहन पाऊँ। धन्यवाद! आमेन।''**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..............................................................................

गा०वि०स०/ग्रा०पं०: ................................................ वार्ड नं०: .........................

हुलाक/पो० आ० : ............................... जिल्लाः ............................................

अञ्चल/प्रदेशः ........................................... देशः .......................................

**रजिष्टर नं०:** .........................

# पाठ ६

## पवित्र आत्माले भरपूर जीवन कस्तो छ?

परमेश्वरको इच्छा हाम्रो जीवनको लागि एकदम स्पष्ट छः हामीले पवित्र आत्माले भरपूर जीवन बिताउनुपर्छ। यस्तो जीवन हामीले प्रभु येशूमाथि भरोसो राखेर र उहाँका आज्ञाहरू अनुसार चलेर जिउन सक्छौं, किनभने उहाँले हामी विश्वास गर्नेहरूलाई पवित्र आत्मा दानको रूपमा दिनुभयो। यही पवित्र आत्मा हामीभित्र वास गर्नुभएको दिनदेखि हाम्रो जीवन परमेश्वरको वासस्थान र मन्दिर बनेको छ। यसैले हामी अब उसो पापका अभिलाषाहरू पूरा गरी जिउनुहुँदैन, तर पवित्र आत्माको शक्तिले र उहाँको नियन्त्रणमा रहेर हामीले यी सबै पापका कार्यहरू निष्क्रिय तुल्याउनुपर्छ। यसरी मात्र हामी आत्मिक लड़ाइमा विजयी हुन्छौं र सधैंभरि आशिषको स्रोतबाट प्रशस्त मात्रामा आत्मिक लाभ उठाउन सक्छौं।

## क – तीन किसिमका मानिसहरू

**१) क) एफेसी ५:१८ – प्रभु येशूमाथि विश्वास गर्ने व्यक्तिलाई के गर्नु मनाही छ?**

..........................................................................................

**ख) यसो भए परमेश्वरबाट उसलाई के आज्ञा दिइएको छ?**

..........................................................................................

२) १कोरिन्थी २:१२-३:३ - परमेश्वरको वचनअनुसार तीन किसिमका मानिसहरू हुन्छन्?
ती के के हुन्? अ) ..................................................................
आ) ..................................................................
इ) ..................................................................

## ख - शरीर र आत्माको बीचमा लड़ाइँ

१) गलाती ५:१६-१८ - क) शरीरको अभिलाषा कुन अवस्थामा पूरा गर्नुपर्दैन?
..............................................................................
ख) कुन दुई कुराको बीचमा लड़ाइँ छ?
..............................................................................
ग) यिनीहरू एक अर्काको विरोधमा भएकोले हामीले के पूरा गर्न पाउँदैनौं?
..............................................................................

२) यस सम्बन्धमा तपाईंको अनुभव के हो? छोटकारीमा लेख्नुहोस्
..............................................................................
..............................................................................
..............................................................................
..............................................................................

## ग - इसहाकको जीवनबाट केही शिक्षा

१) उत्पत्ति २६:१-१५ - इसहाकको जीवनबाट पवित्र आत्माको भरपूरीको सम्बन्धमा तपाईंले के के कुरा सिक्नुभयो?
..............................................................................
..............................................................................
..............................................................................
..............................................................................

## घ - यस सम्बन्धमा याद गर्नुपर्ने केही बुँदाहरू

१) गलाती ५:२५ - कुन मानिस आत्मामा हिँड्न सक्छ?
..............................................................................

२) यूहन्ना ७:३७-३९ - क) पवित्र आत्मा पाउनलाई हामीले के गर्नुपर्छ?

..................................................................................

ख) प्रभु येशूमाथि हामीले कसरी विश्‍वास गर्नुपर्छ?

..................................................................................

३) यूहन्ना ४:१४ - क) पवित्र आत्मालाई केसित तुलना गरिएको छ? ..................................

ख) कतिसम्म यो मुहान उम्रन्छ? ..................................................

४) एफेसी ४:३० - परमेश्‍वरको आज्ञा के हो? ..................................................

५) १ थेस्सलोनिकी ५:१९ - कुन कुरा हामीले कहिल्यै गर्नुहुँदैन?

..................................................................................

## ङ - आत्माको भरपूर अनुभव गरेका प्रभुका भक्तहरू

१) लूका १:५-७ अनुसार इलीशिबाको आत्मिक अवस्था कस्तो थियो?

..................................................................................

२) लूका १:६७ अनुसार पवित्र आत्माले भरिएर जकरियाले के गरे?

..................................................................................

३) लूका २:२५-२७ - शिमियोनको जीवनमा पवित्र आत्माले कस्तो कस्तो काम गर्नुभयो?

क) ..................................................................................

ख) ..................................................................................

ग) ..................................................................................

४) प्रेरित ४:८ र ३१ - पवित्र आत्माले भरिएर पत्रुसले के गरे?

..................................................................................

५) २ तिमोथि २:२०-२१ - परमेश्‍वरको सेवामा आउने आदरको भाँड़ा बन्नु नै हाम्रो सबभन्दा राम्रो तयारी हो। हामी यस्तो आदरको भाँड़ा कसरी बन्न सक्छौं?

..................................................................................

..................................................................................

## च - यस सम्बन्धमा अन्तिम अर्तीहरू

१) रोमी ८:५-९ क) शारीरिक मानिसले कुन कुरामा मन लगाउँछ?

..................................................................................

ख) आत्मिक मानिसले कुन कुरामा मन लगाउँछ?

..............................................................................................

ग) शारीरिक कुराहरूमा मन लगाउनुको नतिजा के हो?

..............................................................................................

घ) आत्मिक कुराहरूमा मन लगाउनुको नतिजा के हो?

..............................................................................................

२) कलस्सी ३:१-२ - क) आत्मिक मानिसले कुन कुरा खोज्छ?

..............................................................................................

ख) परमेश्वरको आशिष कहाँबाट आउँछ?

..............................................................................................

३) रोमी ८:१३ - क) पवित्र आत्माले हामीलाई केमा सहायता दिनुहुन्छ?

..............................................................................................

ख) शरीरका कामहरू मारेपछि अर्थात् निष्क्रिय पारेपछि हाम्रो अनुभव के हुनेछ?

..............................................................................................

४) कलस्सी ३:५ - कुन कुन कुरा हामीले शत्रु ठानेर मार्नुपर्छ?

..............................................................................................

५) कलस्सी ३:८ - कुन कुन कुरा हामीले फाल्नुपर्छ?

..............................................................................................

..............................................................................................

६) कलस्सी ३:१०-११ - कसको रूप हामीले पहिरनुपर्छ?

..............................................................................................

## छ - पवित्र आत्माको विषयमा अरू केही शिक्षाहरू:

पवित्र आत्माको सम्बन्धमा तपाईंले नबुझेको कुनै कुरा छ र यस सम्बन्धमा हामीलाई केही सोध्न चाहनुहुन्छ भने यहाँ हामी तपाईंलाई मौका दिन चाहन्छौं।

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................